# लिलाम विक्री सम्बन्धी पुन : ७ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८१/४/६ गते**

यस महालक्ष्मी विकास बैंक लि. को तपसिलमा उल्लेखित शाखाहरुबाट तपाईं ऋणीहरुले आफ्नो व्यवसायिक/व्यक्तिगत कार्यको लागि प्राप्त गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न **मिति २०७७/१०/२० गते नागरिक दैनिक र २०७९/१०/०६ गते अन्नपुर्ण पोष्ट दैनिकमा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी, व्यक्तिगत जमानी समेतलाई सूचित गर्दा समेत कर्जाको साँवा व्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसीलमा उल्लेखित चल,अचल सम्पत्ति जग्गाहरु तथा सोमा कुनै निर्माण कार्यहरु भए सो लगायतको सम्पूर्ण लिगलगापात समेत जहाँ जे जस्तो अबस्थामा छ सोही अबस्थामा विक्री गर्नको लागि मिति मिति २०८०/०२/२९ गते अन्नपुर्ण पोष्ट दैनिक पत्रिकामा १५ दिने लिलाम सुचना र मिति २०८०/०४/०२ गते ७ दिने धितो लिलामी सुचना प्रकाशित गरि** ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई जानकारी गराउँदा समेत कर्जाको साँवा, व्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल, अचल सम्पत्ति, जग्गाहरु तथा सो जग्गामा बनेको घर टहरा पर्खाल आदि र सो समेतले चर्चेको सम्पूर्ण लिगलगापात समेत जहाँ जे जस्तो अबस्थामा छ सोही अबस्थामा लिलाम बिक्रीका लागि दोस्रो पटक यो ७ दिने लिलामी सूचना प्रकाशित गरिएको छ। यस सूचना प्रकाशित भएको मितिले ८ औं दिनमा लिलाम बिक्री कार्य गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि लिलाम विक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) समेत आव्हान गरिएको छ। ईच्छुक महानुभावहरुले गोप्य शिलवन्दी बोलपत्र मार्फत आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ। सूचना बमोजिम कसैको पनि बोलपत्र पर्न नआएमा धितो सुरक्षण रहेका सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ समेत बमोजिम पुन: लिलाम बिक्री गर्न वा बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत यसै सूचना मार्फत सम्बन्धित सबैलाई जानकारी गराइएको छ।

## तपशिल

### दरबारमार्ग शाखा

**(१) ऋणी श्री कृष्ण बहादुर कुँवर र शोभा राई**
**बाबु : धन बहादुर कुँवर, बाजे : विर बहादुर कुँवर**
**बाबु : सेतु लाल गुरुङ., बाजे : विर बहादुर गुरुङ, पति : चतुर बहादुर राई**
**ठेगाना : ललितपुर, ल.पु.म.न.पा.१५ ,सातदोबाटो**
**साबिक ठेगाना : जि.उदयपुर पञ्चावती ५ भई हाल बसोबास का.जि.का.म.न.पा.२, लाजिम्पाट, विशालनगर, काठमाण्डौ**

**व्यक्तिगत जमानीकर्ताहरु :**

**क. दिपेश कुँवर-बाबु : कृष्ण बहादुर कुवँर, बाजे : धन बहादुर कुवँर, ल.पु.जि.,ल.पु.म.न.पा. १५, सातदोबाटो**
**ख. कृष्ण बहादुर कुवँर, बाबु : धन बहादुर कुवर, बाजे : विर बहादुर कुवर, ल.पु.जि.,ल.पु.म.न.पा. १५, सातदो बाटो**
**ग. शोभा राई, बाबु : सेतु लाल गुरुङ., बाजे : विर बहादुर गुरुङ., का.जि.का.म.न.पा.वडा नं. २, लाजिम्पाट, काठमाण्डौ**

**कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा**

**धितो सुरक्षणको विवरण :** कृष्ण बहादुर कुँवर र शोभा राईको संयुक्त नाममा मालपोत कार्यालय डिल्लीबजारमा दर्ता कायम रहेको काठमाण्डौ जि,का.म.न.पा.वडा नं. ३० स्थित कि.नं. १८५, १८६, १८७, १८९, १९०, १९१, १९३, १९४, १८२२, २४४५, २६८१ र १९२ को क्षे.फ. ०-२-०-३, ०-०-२-३, ०-०-३-२, ०-२-२-१,०-०-३-२, ०-०-३-०,०-०-३-२, ०-१-२-०. ०-१-३-०, ०-१-१-२ र ०-०-१-० र ०-०-२-२ जग्गा तथा सम्पुर्ण लिगलगापात समेत।

**शर्तहरु :**

१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट तोकेको शुल्क तिरी प्राप्त गर्न सकिने छ।
२. बोलपत्र साथ आफुले बोलकवोल गरेको अंकको १० प्रतिशत नगद/ बैंक ग्यारेण्टी/गुड फर पेमेण्ट चेक बैंकको खातामा धरौटी स्वरुप जम्मा गर्नु पर्नेछ।
३. बोलपत्र स्विकृत भएपछि बैंकले तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ। अन्यथा धरौटी जफत हुनेछ।
४. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने राजस्व लगायत सम्पूर्ण खर्च बोलकबोलदाताले नै व्योहर्नु पर्नेछ।
५. बोलपत्र बुझाउने तथा खोल्ने दिन कारणबस सार्वजनिक विदा पर्न गएमा त्यस पछिको कार्यालय खुलेको दिनमा उपरोक्त कार्य हुनेछन्।
६. यस विषयसँग अन्य जानकारी लिनु पर्ने भएमा यस बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ।
७. कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्विकृत/अस्विकृत वा आशिंक स्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
८. शर्त सहितको बोलपत्र स्वीकार गरिने छैन।
९. धरौटी स्वरुप जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन र बोलपत्रको अन्तिम निर्णय भए पश्चात फिर्ता हुनेछ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१/४/१३ गते आईतबार (कार्यालय समय भित्र) (मिति २०८१/४/१२ गते सार्वजनिक बिदा परेकोले)**
**खोलिने मिति : २०८१/४/१४ गते सोमबार दिनको २ :०० बजे**
**स्थान : महालक्ष्मी विकास बैंक लि.को शाखा कार्यालयहरुमा**

**महालक्ष्मी विकास बैंक लि.**
**Mahalaxmi Bikas Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९

**कर्जा असूली विभाग** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५९१९२१९/५९११५१९/२०